Volume 2, Number 1, Year 2026, Yugavani, ISSN: 2738-9685
**युगवाणी** (वर्ष २, अङ्क : १, वैशाख २०८३ )
विज्ञसमीक्षित, द्विभाषिक, अर्धवार्षिक अनुसन्धान जर्नल

# कविताविधाको स्वरुप र लेखनप्रविधि

**हरिप्रसाद तिमिल्सिना***

**Hari Prasad Timilsina[1*]**

[1*] त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज, नेपाली विभाग
ORCID: https://orcid.org/0009-0003-6085-0154
*Email: timilsina119@gmail.com
Article History: Received: *Feb. 15, 2026* *Revised: March. 11, 2026* *Accepted: June 09, 2026*

**लेखसार**

प्रस्तुत लेखमा कविताविधाको स्वरुपको चिनारी एवं लेखनप्रविधिको खोजी गरिएको छ । कविता के हो र कसरी कविता लेखनलाई विशिष्ट बनाउन सकिन्छ भन्ने विषयको अध्ययन गरिएको छ । कविता छन्द वा लोकलय र मुक्तलय गरी दुई किसिमका हुन्छन् । शास्त्रीय रुपमा पद्य विधाअन्तर्गत रहने कविताविधामा तीन पङ्क्तिदेखि महाकाव्यसम्मका लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तम गरी विभिन्न उपविधामा रचना गरिन्छ । महाकाव्य कविताविधाको उच्चतम रचना हो । सर्वप्राचीन र लोकप्रिय साहित्यिक विधाका रुपमा लोकप्रसिद्ध छ । साहित्यका लोकपरम्पारमा साहित्य र वाङ्मय दुई प्रकारका ज्ञानराशिहरु छन् । यीमध्ये कविताविधाका उपविधाहरुलाई अरु साहित्यिक विधाबाट छुट्याउने तत्त्व लय र विशिष्ट भाषाशैली हो । यस आलेखमा प्राञ्जल, प्रतीकात्मक, विम्बात्मक, आलङ्कारिक एवं व्यञ्जनात्मक विशिष्ट भाषा र शैलीबाट कविता विशिष्ट बन्दछ भन्ने निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** साहित्य, वाङ्मय, स्वरुप, व्यञ्जना, हृदयसंवेद्य ।

## विषयपरिचय

संस्कृतसाहित्यपरम्परामा वाङ्मय, काव्य र साहित्य शब्दहरु प्रचलनमा छन् । यी तीन शब्दको समानार्थीरुपमा अङ्ग्रेजीमा ‘लिटरेचर’ शब्दले नै समग्र वाङ्मय एवं साहित्यलाई बुझाउँछ । ‘वाक्+मय’बाट मिलेर बनेको वाङ्मय शब्द भाषासँग सम्बद्ध भएकाले सबै प्रकारका मानवीय सम्पदाका मौखिक एवं लिखित सबै प्रकारका अभिव्यक्तिलाई वाङ्मय भन्नु ठिकै हो । साहित्यमा कविता, नाटक, आख्यान र निबन्ध चार वटा सिर्जनात्मक विधाहरु छन् । यी विधाहरुलाई समेत संस्कृत एवं अङ्ग्रेजी साहित्यमा वाङ्मयअन्तर्गत नै राखी अध्ययन गर्ने गरिन्छ । गद्य वा पद्यमा लेखिएका समग्र ज्ञानशास्त्र र काव्य दुवैलाई समष्टिमा वाङ्मय भन्ने गरिए पनि नेपाली ज्ञानक्षेत्रमा कविता, नाटक, आख्यान र निबन्धजस्ता सिर्जनशील रचनाहरुलाई साहित्यका रुपमा र इतिहास, भूगोल, अर्थशास्त्र, राजनीति, आयुर्वेद, तर्कशास्त्रलगायत ज्ञानविज्ञानका विविध शास्त्रहरुलाई वाङ्मयका रुपमा बुझ्ने गरिन्छ । यो उपयुक्त नै छ । विशेषत: लेखनका माध्यमबाट व्यक्त ज्ञानराशि वाङ्मय भए पनि संज्ञानात्मक र सिर्जनात्मक तत्त्व भिन्न हुने भएकाले साहित्य र वाङ्मयको भेद छुट्टिन्छ ।

साहित्यिक विधाहरुलाई गद्य र पद्य दुई किसिमले वर्गीकरण गरी आख्यान, नाटक र निबन्धलाई गद्यअन्तर्गत र कवितालाई पद्यअन्तर्गत राखेर अध्ययन गरिन्छ । कवितालाई लयले अन्य विधाबाट विशिष्ट बनाएजस्तै नाट्यविधालाई अभिनय तत्त्वले अन्य विधाबाट छुट्याउने र नाट्य रचना दृश्यमय हुने भएकाले दृश्य र श्रव्यपाठ्य गरी दुई किसिमले वर्गीकरण गर्ने गरिन्छ । दृश्यअन्तर्गत नाटक, एकाङ्की वा संस्कृतका दशरुपक १८ उपरुपकसमेत पर्दछन् भने श्रव्यपाठ्यअन्तर्गत कविता र आख्यान तथा आख्यानेतर रचना निबन्ध पर्दछ । यी दुवै परम्परागत वर्गीकरण

हुन् । पहिले कविता छन्दमै लेखिने भएकाले छन्दमा लेखिएकालाई मात्र पद्य भन्ने गरे पनि गद्य कविताको प्रारम्भ भएपछि कवितातत्त्व र विशिष्ट संरचनाशील्पका आधारमा गद्य कविता पनि पद्यअन्तर्गत राख्नु परेजस्तै वर्तमान समयमा अभिनेय नाटकविधामा पनि श्रव्यपाठ्य नाटक लेखिएका छन् । जुन नाटकलाई मञ्चमा देखाउन सकिँदैन त्यस्ता विशिष्ट परिवेश भएका नाटक एकाङ्कीहरु श्रव्यपाठ्यअन्तर्गत नै रहन्छन् । समयको गतिसँगै विशिष्ट शिल्पशैलीमा लेखिन थालिएको र विधाभञ्जन, विधामिश्रणजस्ता अवधारणाले साहित्यिक विधाउपविधाहरुको वर्गीकरण यही नै हो भन्न कठिन हुने भए पनि बुझ्नका लागि उपयुक्त सामान्य विभाजनलाई आधार मान्नु उपयुक्त हुन्छ । हृदयसंवेद्य अनुभूतिको विशिष्ट अभिव्यक्तिका रुपमा प्रकाशित हुन्छ । कविता सूत्रात्मक, लयात्मक, अनुप्रासयुक्त, आलङ्कारिक भाषामा लेखिन्छ । कवितामा रचनातङ्खव, भावतङ्खव, कलातङ्खव र बुद्धितङ्खवको प्रयोग गर्नुपर्दछ । यसबाट कविताको विशिष्ट संरचना निर्माण हुन्छ ।

### अध्ययनको उद्देश्य

यस अध्ययन कविताको लेखनप्रविधि कस्तो हुनुपर्छ भन्ने समस्याको समाधान गरी कवितालेखनको विशिष्ट पक्षलाई दर्शाउने उद्देश्यमा आधारित छ । उद्देश्यप्राप्तिका लागि कविताका स्वरुप एवं तत्त्वजस्ता सैद्धान्तिक अवधारणाहरुको अध्ययन गरी कवितालाई विशिष्ट बनाउने तत्त्वहरु केके हुन् भन्ने अध्ययन गरी समस्या समाधान गर्दै व्यञ्जनात्मक भाषा, विम्बप्रतीक अलङ्कार आदिबाट कवितालाई विशिष्ट बनाउन सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

### अध्ययनविधि

यो अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । यसमा प्राप्त तथ्यको निम्नानुसार विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएको छ :

### नमुना छनौट तथा विश्लेषण

यस अध्ययनमा कविताविधासित सम्बन्धित शास्त्रीय ग्रन्थ एवं पुस्तकहरुलाई अध्ययनका लागि नमुना छनौट गरिएको छ । कविताको परिचय, स्वरुप, तङ्खव एवं कवितालेखनशिल्पसम्बन्धी सैद्धान्तिक ग्रन्थ एवं पुस्तकहरु र तत्सम्बन्धी व्याख्याविश्लेषण भएका ग्रन्थहरु, कविताविधाको सैद्धान्तिक अवधारणा भएका दस्तावेजहरुको अध्ययन गरी संस्कृत, पाश्चात्य एवं नेपाली मूल ग्रन्थहरुलाई प्राथमिक सामग्री र तत्सम्बन्धी व्याख्याविश्लेषण गरिएका पत्रपत्रिका, लेख आदिलाई द्वितीय स्रोतका रुपमा उपयोग गरी तथ्यहरुको समीक्षात्मक विश्लेषणद्वारा निष्कर्ष निकालिएको छ ।

### सैद्धान्तिक पर्याधार

कविताविधा विश्वकै सर्वप्राचीन, सर्वप्रिय र व्यापकरुपमा प्रयोग भएको विधा हो । ऋग्वेदमा ऋषिहरुद्वारा साक्षत्कृत शब्दराशि वेद र तिनको अर्थबाट प्राप्त गरिने आनन्दलाई रसरुपमा उल्लेख गरिएको छ ( ऋग्वेद, ई.१९४१ : ९/६३/३१) । कविता रसमय हुने भएकाले कविताविधाको सम्बन्ध वेदका ऋचासम्म पुग्दछ । काव्यगत रुपमा ऋग्वेदबाट संवाद, सामवेदबाट गीतिमयता, यजुर्वेदबाट अभिनयता एवं अथर्ववेदबाट रसतङ्खवहरुको समाहरण भएको उल्लेख गरिएको छ । आचार्य भरतमुनि भन्दा अघिदेखि नै द्रुहिण र नन्दिकेश्वरजस्ता ऋषिहरुको मतलाई समेत आत्मसात गरी 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिस्पत्ति' रससूत्र निर्माण गरी आचार्य भरतले साहित्यका तङ्खवहरुको उल्लेख गरेका छन् । उनीपछिका भामह, दण्डी, वामन, आनन्दबर्धन, विश्वनाथ, जगन्नाथ हुँदै संस्कृत साहित्य समालोचनामा परवर्ती आचार्यहरुको सुदीर्घ परम्परामा कविता वा साहित्यका विभिन्न मान्यताहरु स्थापित भएका छन् । छन्द, रस, अलङ्कार, वक्रोक्ति, औचित्य, रीति आदि साहित्यिक मान्यताहरुलाई आधार बनाई संस्कृत एवं पूर्वका विभिन्न भाषासाहित्यमा विशिष्टशैलीका रुपमा प्रयोग गर्ने गरिएको छ ।

कविताविधा आफैमा विशिष्टशैली प्रयोग गरिने विधा हो र अरु विधाबाट विशिष्टशैली एवं लयले नै कवितालाई छुट्याउँछ । मानवमा अन्तर्निहित प्रेम, उत्साह, क्रोध, घृणा, शृङ्गारजस्ता भावहरुलाई कवि वरिपरिको वातावरणबाट प्राप्त अनुभव र अनुभूतिलाई भाव वा विचारका रुपमा प्रस्तुत गर्दछ । कविताका माध्यमबाट मानव समुदायलाई शिक्षा, नैतिकता, आदर्श, मानवीय भावना, सेवाभाव, देश तथा संस्कृतिप्रतिको श्रद्धा र सम्मान, सामाजिक सुधार, विकृतिविसङ्गतिको

विरोध, अन्यायअत्याचार, शोषणउत्पीडनको विरोध र परिवर्तनको आग्रह, समतामूलक समाजको निर्माण आदि भावहरु कविले आफ्नो कविताका माध्यमबाट व्यक्त गर्दछ । एउटै विषयवस्तुमा पनि फरकफरक भाव व्यक्त हुन्छन् । त्यसैले भामहले पनि लोकस्वभावअनुसार फरकफरक रसको प्रयोग हुने उल्लेख गरी कवितामा त्यस्ता रसहरु आउने उल्लेख गरेका छन् । दण्डीले श्रवण गरिएको रचनाबाट चामत्कारिक अनुभूति हुने अनुप्रसादयुक्त पदावलीको उल्लेख गरेकाले यस मतले पनि कविताको विशिष्टतलाई प्रस्तुत गरेको छ । काव्यलाई सौन्दर्यपूर्ण बनाउन शृङ्गारादिरस आवश्यक पर्ने उल्लेख गरिएको छ । आनन्दवर्धनले काव्यको आत्मा व्यङ्ग्यार्थस्वरुपरस हो भनेका छन् । अभिनव गुप्त पनि रसलाई नै काव्यको आत्मा मान्दछन् (अभिनव गुप्त, ई. १९७३ : पृ. ८५) । केशवप्रसाद उपाध्यायले विलक्षण अपूर्व आनन्दमय काव्यको लक्षण बताउँदै भरतमुनिको रससूत्र आवश्यक भएको उल्लेख गर्दछ (उपाध्याय, २०६१ : पृ. २४) ।


पाश्चात्य विद्वान् विलियम वर्डस्वर्थले शक्तिशाली भावनाहरुको शान्त क्षणको स्वतस्फूर्त अभिव्यक्ति कविता हो भन्दछन् । यसैगरी एस.टी. कलरिजले उत्तम क्रममा उत्तम शब्दहरुद्वारा लेखिएको रचना कविता हो भनेका छन् । जोन किट्सका अनुसार कवितामा मानिसको कल्पना र सुन्दरतालाई कलात्मक ढङ्गले प्रस्तुत गरिने उल्लेख गरैका छन् । यी सबै परिभाषाहरु हेर्दा कविता लय एवं छन्द, सौन्दर्यात्मक, कल्पनाशीलता, विम्बात्मकता, प्रतीकात्मकता र आलङ्कारिकताको विशिष्टरुपमा प्रयोग गरिने सुन्दर श्रुतिमधुर र हृदयसंवेद्य रचना हो भन्न सकिन्छ ।

## छलफल एवं विश्लेषण

कविताको स्वरुप र लेखनप्रविधि शीर्षकको यस अध्ययनमा कविताको स्वरुप, तत्त्व र कविता कसरी लेखिन्छ भन्ने शैलीशिल्प (प्रविधि) लाई निम्नानुसर प्रस्तुत गरिएको छ :

### कविताविधाको स्वरुप र तत्त्व

पद्यविधाअन्तर्गत कविताविधाका विभिन्न उपविधाहरु छन् । कवितामा लघुतमदेखि बृहत्तमसम्म पाँच वटा उपविधामा छोटा दुईतिन पङ्क्तिका रचनादेखि बृहत् आयामका विशिष्ट महाकाव्यसम्म रहेका छन् । निम्न रेखाचित्रबाट कविताविधालाई बुझ्न सकिन्छ :




### स्वरुप

कविताविधाका उपर्युक्त उपविधाहरु मध्ये सबैभन्दा सानो स्वरुप चारपाँच-छसात पङ्क्तिसम्मका कविताहरु लघुतम रुपअन्तर्गत पर्दछन् । चार पङ्क्तिको मुक्तक, तीन पङ्क्तिको हाइकु र दुईतीन पङ्क्तिका प्रेमप्रकाश मल्ल 'मधुकर'ले रचना गरेका कविताहरुलाई चोइटा कविताको संज्ञा दिइएको छ । हाल साइनो, पञ्चामृत, सुसेलीजस्ता नाम दिई गरिएका रचनाहरु लघुतम रचनाअन्तर्गत नै राख्न सकिन्छ तर शास्त्रीय मान्यता नभएकाले उल्लेख गरिएको छैन ।

लघु रुप अन्तर्गत लोकपरम्परादेखि चल्दै आएका गीतहरु हुँदै आधुनिक गीत, देशभक्तिका राष्ट्रिय गीत, तिजका गीत, बाह्रमासेलगायत नेपाली समाज र संस्कृतिमा प्रचलित गीतहरु रहेका छन् । यसैगरी गजलविधा पनि लघु रुप अन्तर्गत रहेको छ । मानकसंरचना पाँच श्लोक भएको गजल न्यूनतम तीन श्लोकदेखि लामालामा संरचनामा पनि रचना भएका छन् । फुटकर कविता कविताविधालाई वहन गर्ने शब्द भए पनि कविताविधाअन्तर्गत खण्डकाव्य, लामा कविता र महाकाव्यसम्मको संरचना पर्ने भएकाले प्रबन्धविधान, आख्यान, चरित्र वा परिवेशविधान नहुने कुनै निश्चित विषयमा कविको मनका विशिष्ट भावहरु व्यक्त हुने रचना फुटकर कविताका रुपमा रहेको छ ।

संस्कृत साहित्यको खण्डकाव्य र पाश्चात्य साहित्यको लामो कवितालाई नेपाली साहित्यमा मध्यम आयामको रचनाका रुपमा लिई अध्ययन लेखन गर्ने गरिएको छ । खण्डकाव्य र महाकाव्यमा कवितातत्त्वका साथै प्रबन्धविधान, आख्यानतत्त्व, चरित्र, परिवेशसमेतको निर्वाह हुन्छ । महाकाव्य त अझ विशिष्ट परिवेश, विशिष्ट चरित्र, विशिष्ट विषयवस्तु र विशिष्ट भाषाशैलीमा रचना गरिने भएकाले विश्वका ठुल्ठुला चर्चित कविहरुले पनि जीवनभर एउटा महाकाव्य वा दशकौँ लगाएर एउटा महाकाव्य मात्र दिन

सकेका छन् । महाकाव्यका सबै तङ्खवको निर्वाह गर्न नसक्दा लेखनाथ पौड्यालले आफ्नै कृति *तरुणतपसी*लाई नव्यकाव्यको संज्ञा दिए । वि.सं. १९७७ देखि नै महाकाव्यमा हात हालेका बालकृष्ण समले वि.सं. २०१५ सालमा *चिसो चुल्हो* महाकाव्य त लेखे जसलाई समालोचक ताना शर्माले भुसिलो डकार भनेका छन् । सोमनाथ सिग्द्यालले *आदर्श राघव*मा महाकाव्यका यावत् प्रविधिहरुको प्रयोग त गरे तर कविताको भाषा माथि उल्लेख गरेभैँ प्राञ्जल आकर्षक र विशिष्ट बन्न नसक्दा पाठकका लागि पाण्डित्य प्रदर्शन बन्न पुग्यो । त्यसैले कविता रहर होइन यो विशिष्ट रचना हो । हालसम्म लेखिएका भन्डै पाँच सय महाकाव्यहरु मध्ये चर्चाको शिखरमा सीमित मात्रै छन् र हालसम्मका सबै महाकाव्यमध्ये महाकावि देवकोटाको *शाकुन्तल*को उचाइमा पनि महाकाव्य पुग्न सकेका छैनन् ।

## तङ्खव

कविता छोटो लयात्मक रचना हो । कुनै विषयप्रतिको कविको अनुभूति कविता हो । बौद्धिकताको स्पर्श, कल्पनाचातुर्य र विशिष्ट एवं सम्प्रेष्य भाषाशैलीमा कविता समेटिन्छ । यसरी हेर्दा भावतङ्खव, रचनातङ्खव, बुद्धितङ्खव र कलातङ्खव चार वटा तङ्खवको मिश्रणबाट कविता बन्दछ । संस्कृत साहित्य शास्त्रमा रस, रीति, ध्वनि, वक्रोक्ति, औचित्य, अलङ्कार आदिलाई काव्यतङ्खवका रुपमा उल्लेख गरिएको छ । नेपाली कवितामा संस्कृत शास्त्रीय मान्यतालाई मानक मानिएको छ । कवितामा उपर्युक्त तङ्खवहरु मध्ये मूल ( अनिवार्य) र सहायक (ऐच्छिक) दुई किसिमका तङ्खवको उपयोग हुन्छ । मूलतङ्खवमा भाव, भाषा र लय तथा सहायक तङ्खवमा शीर्षकसंरचना, विषयवस्तु, दृष्टिविन्दु एवं विम्बप्रतीक अलङ्कार रहेका छन् ।

## कवितालेखन प्रविधि

कवितामा पाठक वा स्रोताको मनमस्तिष्कमा एक प्रकारको तरङ्ग उत्पन्न गराउने शक्ति हुन्छ । यसो हुन सकेन भने त्यो कविता नभई कुरा बन्न सक्दछ । छन्दमा वा लयमा लेखिनु कविता होइन कवितालाई अरु विधाबाट अलग्याउने तत्त्व लय हो भन्ने कुरा माथि नै उल्लेख गरिसकिएको छ तर त्यो नै सबै थोक होइन । कविको कल्पनाद्वारा सिर्जित रचना असङ्ख्य पाठकहरुको मनमस्तिष्कमा तत्क्षण प्रभाव पार्दछ । विशिष्ट शैली, भाव र भाषाको प्रयोग भएको कविताले पाठक वा स्रोतलाई मन्त्रमुग्ध पार्दै विशेष अवस्थामा पुऱ्याउन सक्यो भने त्यो कविता सिद्ध र कवि सिद्धहस्त मानिन्छ । कविले आफ्नो प्रतिभाको बोट हुर्काएर धारिलो बनाउन विशिष्ट भाषा, विशिष्ट शैली र विशिष्ट भावलाई विशिष्ट लयमा प्रस्तुत गर्न सक्नुपर्दछ, अनि मात्र त्यो कविता बन्दछ । नेपाली साहित्यका विशिष्ट व्यक्तित्व समालोचक वासुदेव त्रिपाठीका अनुसार कविता रागात्मक, सौन्दर्यपरक हुन्छ । व्यावहारिक र बौद्धिक प्रयोजनभन्दा सौन्दर्यात्मक भावप्रधान प्रयोगस्थल हो ( त्रिपाठी, पृ.१५) । पाठकका मनमस्तिष्कमा विशेष प्रभाव पार्नसक्ने भाषाविद् समालोचक प्रा.डा. माधवप्रसाद पोखरेलले शब्दमा मस्तिष्कलाई रन्थन्याउन सक्ने क्षमता कवितामा हुनुपर्दछ भनेका छन् । अहिलेसम्म पनि परम्परागत रुपमा छन्दमा लेखेर बनाइएका सिलोकलाई कवितै ठान्नेहरु पनि प्रशस्तै छन् । यस्ता तथाकथित सिलोकहरु कविता नभई लयमा लेखिएका कुरा हुन् । यस्ता रचनालाई कविताका रुपमा कथा प्रस्तुत गरेर कविताका मर्मज्ञहरुलाई भाउन्न छुटाउने तथाकथित कविहरु मञ्च भेटे भने आफ्ना सिलोक र गन्थनमन्थन भट्याइरहन्छन् । त्यस्ता वस्तु कविताभित्रका कसिङ्गर मात्रै हुन् ।

पाठकको मनमस्तिष्कमा विशेष प्रभाव पार्न सक्ने शक्ति कवितामा कसरी प्राप्त हुन्छ भन्दा बोलचालको भाषाबाट कविता बन्दैन । कविता मूलतः बोलचालको भाषालाई बङ्ग्याउने, व्याकरणिक भाषालाई टेढो पार्ने र अर्थ्याउन मस्तिष्कले मेहनत गर्नपर्ने वा व्यञ्जनात्मक रुपमा पनि सरलतापूर्वक बोधगम्य बनाउन सक्ने शिल्प नै कविताको शिल्प हो । सन्तानहीन आमाबाबुले पहिलोपटक सन्तान देखेपछिको आनन्द र आत्मिक सुखको अवर्णनीय अनुभूतिजस्तै कविता पढ्दा वा सुन्दा विशेषरुपले मनमस्तिष्क मोहित हुनसक्यो भने त्यो नै उत्कृष्ट कविता बन्दछ । साहित्यसमालोचनामा ध्वन्यात्मकता वा व्यञ्जनात्मकता भन्ने विशेष तत्त्व छ जसले कवितालाई कविता बनाउँछ ।

कवितालाई अन्य विधाबाट छुट्याउने तत्त्व लय भएकाले कविताविधा लयात्मक हुन्छ । त्यसैले गैरलयात्मक सिर्जनाहरु गद्य र लयात्मक रचना पद्य हुने आधारमा गद्य र पद्य छुट्याइएको हो । कविता गद्य वा मुक्तलयमा लेखिए पनि अन्तर्लय, शैलीगत विशिष्टता र संरचनागत स्वरुपले पद्यअन्तर्गत नै रहन्छ । कवितामा लय वा छन्दको महत्त्वका बारेमा समालोचक वासुदेव त्रिपाठीले लयात्मक श्रुतिसुखद एवं गेयरम्य साङ्गीतिक अभिषेकले नै गीतकवितालाई साहित्यका गद्य विधाबाट अलग पहिचान प्रदान गर्दछ (त्रिपाठी, पृ.२३) । अतः कविताविधाका सम्पूर्ण उपविधाहरुलाई पद्यअन्तर्गत नै राखी अध्ययन गरिन्छ ।

कवितालाई कविता बनाउने अर्को महत्त्वपूर्ण पक्ष वर्ण वा वर्णसमूहलाई पुनरावृत्तिद्वारा विशिष्ट बनाउने शैली हो, यसलाई अनुप्रास भनिन्छ । उस्तै उस्तै उच्चारण हुने वर्ण, शब्द वा शब्दांश पटकपटक दोहोरिएर स्रोतालाई विशेष रुपले प्रभावित गर्ने लय र अन्तर्लयको सिर्जना गर्ने र कलात्मकता थप्ने महत्त्वपूर्ण कार्य अनुप्रासले गर्दछ । अनुप्रासको कलात्मक उचाइले कविताको भाषालाई विशेषरुप प्रदान गर्दछ । यसलाई हामी शब्दालङ्कार भनेर साहित्यसमालोचनामा भन्ने गर्दछौँ । भाषामा एउटै शब्दका अनेक अर्थ हुन्छन् । यसरी अनेक अर्थ आउने गरी कविता बनाउने प्रविधिलाई श्लेष भन्दछौँ । श्लेष शब्दालङ्कार र अर्थालङ्कार दुवै हुन्छ । यस्तो प्रयोग गरेर कवितालाई साँच्चिकै कविता बनाउन सकिन्छ ।

कवितामा कल्पनाशीलता तीव्र हुँदा एउटा विषयलाई अर्कै विषय वा वस्तुका रुपमा प्रस्तुत गरेर, अर्कै विषय वा वस्तुसँग तुलना गरेर वा अर्कै वस्तु वा विषयको सम्भावना देखाएर प्रस्तुत गरिने प्रविधिले कवितालाई कविता बनाउँछ । यस्तो शिल्पलाई उपमा, रुपमक वा उत्प्रेक्षा अलङ्कार भनिन्छ । कुनै विषयलाई सोझै नभनी विभिन्न विम्बहरुको प्रयोग, प्रतीकहरुको प्रयोग र अलङ्कारहरुको प्रयोग गरेर कवितालाई कविता बनाउने प्रविधि अझ महत्त्वपूर्ण छ । बोलीचालीको भाषा र व्याकरणसम्मत भाषाको सीमा नाघिसकेपछि बल्ल कविताको क्षेत्र प्रारम्भ हुन्छ । महाकवि देवकोटाको ‘पागल’ कविताका यी अंश हेरौँ :

बासनालाई स्वाद लिन्छु
आकाशभन्दा पातला कुरालाई छुन्छु,
म देख्दछु ढुङ्गालाई फूल
मेरो गणितमा एकबाट एक झिके एकै बाँकी रहन्छ
तिमी पाँच इन्द्रियले काम गर्छौ
म छैटौँले तिम्रो गिदी छ
मेरो मुटु ।
तिमी ढुङ्गालाई वस्तु ठान्छौ
म सपनालाई समात्न खोज्दछु ।

उपर्युक्त कवितांशमा सामान्य भाषा वा व्याकरणिक भाषाले हेरियो भने यी निरर्थक हुन्छन् । बासनाको स्वाद लिइँदैन । आकाशभन्दा पातला कुरालाई छुन सकिँदैन । ढुङ्गा ढुङ्गै हुन्छ, फूल भन्न मिल्दैन । मानिसका इन्द्रियहरु पाँच वटा छन् तर यहाँ छैटौँ इन्द्रियको कुरा आएको छ भने सपनालाई समात्न खोजेका छन् कविले । बोलचाल र व्याकरणको भाषा सीमा नाघेपछि मात्र कविताको क्षेत्रमा प्रवेश गरिन्छ । प्रसिद्ध साहित्यकार मिल्टनले “ऊ निद्रा नभएको तकियामा सुँक्सुँकाउँदै पल्टिरह्यो” भन्ने उल्लेख गरेका छन् । मान्छेमा हुनुपर्ने निद्रा तकियामा लगेर राखिदिएका छन् । यसरी कवितामा प्रयोग हुने सामग्री साट्ने कला महत्त्वपूर्ण हुन्छ । यो पनि व्याकरण र बोलीचालीको सीमाभन्दा पर पुगेर कविताको पङ्क्ति बनेको छ ।

यति भनिसकेपछि कविताको भाषा व्यञ्जनात्मक वा ध्वन्यात्मक हुनुपर्छ भन्ने स्पष्ट हुन्छ । संस्कृत साहित्यले काव्यको वर्गीकरण नै ध्वनिका आधारमा उत्तम, मध्यम र अधम काव्यका रुपमा उल्लेख गरेको छ । ध्वनिकाव्य नै उच्च कोटिको कविताभित्र पर्दछ । यस्तो उत्तम र ध्वन्यात्मक रचनाको लागि श्रीहर्षको नैषधीय चरित महाकाव्यमा एउटै श्लोकबाट पाँच वटा नलको वर्णन गरिएको छ । माथि उल्लेख गरिएका प्रविधिहरुको प्रयोग गरेर सिद्धहस्त कविले आफ्नो कवितामा कलाको बुनोटबाट सशक्त बनाउँछ । पाश्चात्य विद्वान् कलरिजले आफ्नो *कल्पना सिद्धान्त*मा ‘फेन्सी’ शब्दले प्रविधियुक्त आलङ्कारिक कवितातर्फ सङ्केत गरेको भन्न सकिन्छ ।

आफ्नो रचना कविता बन्यो कि बनेन भनेर अरुका कविता पढ्नुपर्छ जसबाट कवितामा प्रयुक्त प्रविधि, विचार वा भावको संश्लिष्ट अवस्थाको जानकारी लिएर आफ्नो रचनालाई कविता बनाउन सकिन्छ ।

यस्ता उत्कृष्ट कविता लेख्ने व्यक्तिलाई मात्र कवि भन्न सकिन्छ । जे पायो त्यही भँडास पोखेर कवि बन्ने वर्तमान समयमा संस्कृतमा कविलाई कसरी लिइएको छ भन्ने बुझेपछि कविको गरिमा थाहा हुन्छ । ईशावाक्योपनिषद्ले कविलाई पूर्ण र सर्वज्ञ भनेको छ ( कविर्मनीषी परिभु स्वयम्भू:) । श्रीमदभागवतमा तेते ब्रह्माऽदा य आदिकवये मुर्ह्यन्ति यत्सूरय: भन्दै ब्रह्मालाई आदिकवि मानिएको छ । किनकि उनको मुखबाट चार वेदको जन्म भएको मानिन्छ । मेदिनी कोशले मुनि, सूर्य र बाल्मीकिको रुपमा कविलाई अर्थ्याएको छ । ईशोपनिषद्ले कविलाई आत्मा र मनुस्मृतिले पण्डित भनेको छ । यी सबै अर्थबाट के निष्कर्ष निस्कन्छ भने कवि विशिष्ट व्यक्ति हो जसले उच्चकोटिको लोकोपकारी कविता सिर्जना गरी समाजलाई नयाँ ज्ञान, आदर्श, जागरुकता, नैतिकता वा सच्चरित्रता, देशभक्ति, सेवा र मानवीय भावना सिकाउन अभिप्रेरित गर्दछ । कवितालाई संस्कृत, नेपाली, हिन्दीमा कविता, अङ्ग्रेजीमा पोएट्री र उर्दुमा नज्म भन्ने गरिन्छ । आचार्य भरतमुनिले "कोमल तथा मनोहर पदयुक्त गुढशब्दार्थरहित, सुबोध, युक्तिसङ्गत, नृत्यमा उपयोग गर्न सकिने, विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैको योग्य हुन्छ" भनेका छन् :

मृदुललितपदाढ्यं गूढशब्दार्थहीनं
जनपदसुखबोध्यं युक्तिमन्नृत्ययोज्यम् ।
बहुकृतरसमार्गं संधिसंधानयुक्तं
भवति जगति योग्यं नाटकं प्रेक्षकाणाम् ॥ ( नाट्यशास्त्रं १६/१२४)

यो मत अत्यन्त प्रचलित छ । चौथो शताब्दीतिरको यस परिभाषाले कविताको भाषा कोमलकान्त हुनुपर्ने, सुललित पदावलीको प्रयोग, लोककल्याण वा स्वान्तसुखको प्राप्ति, रसयुक्त र गेयगुण सम्पन्न हुनुपर्छ भन्ने देखिन्छ । यसमा प्रयुक्त सन्धिले ठुला विधामा जस्तो सन्धि नभई कवितालाई कविता बनाउने तत्वहरुको उपयुक्त समिश्रण भन्ने अर्थबोध गर्नुपर्छ । यसैगरी संस्कृत आचार्य कुन्तकले "सहृदयलाई आल्हाद प्रदान गर्ने वक्रोक्तिमय रचनाबन्धमा व्यवस्थित शब्द र अर्थ समन्वित रुपकाव्य हो" भनेका छन् :

शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनी

बन्धे व्यवस्थितौ काव्यं तद्विधाल्हादकारिणी । ( वक्रोक्तिजीवितम् १/१७)

यस परिभाषाले पनि सहृदयलाई आल्हाद प्रदान गर्ने वक्रोक्तिमय रचनाबन्धमा व्यवस्थित भएको भन्ने उल्लेख गरिएबाट सहृदयलाई आल्हाद प्रदान गर्ने वक्रोक्तिमय विशिष्ट रचनाविधान हुनुपर्ने देखिन्छ ।

पाश्चात्य विद्वान् एड्बिन आर्लिङ रबिन्सनले कविता भनेको आलङ्कारिक भाषा हो भनेका छन् । यसले पनि कविताको विशिष्टतालाई नै उल्लेख गरेको छ । बालेस स्टेभेन्सले "विशिष्ट ढङ्गले गरिने यथार्थको प्रकटीकरण"लाई कविता भनेका छन् । नेपाली विद्वान् बाबुराम आचार्य "प्रकृतिका अद्भुत रचना देखी छक्क परेर तन्मय भई कविहरु जे बोल्छन् त्यो कविता कहिन्छ" । पारशमणि प्रधान कवि र कवितालाई यसरी उल्लेख गर्छन्:

कवि कविता होस्
कविता कवि होस्
कविता तब पो हुन्छ
शब्द थुपारीकन के हुन्छ
भाव भए पो हुन्छ ।

यसरी कवितालाई भाव, भाषा र शैलीको विशिष्ट संयोजनबाट मात्र तयार गर्न सकिन्छ भन्ने दृष्टिकोण पूर्वीय एवं पाश्चात्य दुवै क्षेत्रमा रहेको छ ।

यी कवितांशबाट कविता लेख्न रूचि राख्नेहरुले भाषालाई विशिष्ट बनाउने र विशिष्ट रुपमा अर्थसम्प्रेषण गर्ने शैलीको अभ्यास गर्नु पर्दछ । कविताका मूलभूत विशेषताहरु हेर्दा यस प्रकार उल्लेख गर्न सकिन्छ :

- कवितामा सूत्रात्मक भाषा प्रयोग हुन्छ ।
- कविताले आनन्द प्रदानसँगै शिक्षा प्रदान गर्दछ ।
- कविता कविको कलात्मक लयात्मक भाषिक कर्म हो ।

❖ कविता प्रबल अनुभूतिहरुको स्वतस्फूर्त र विशिष्ट अभिव्यक्ति हो ।

❖ कविता हृदयसंवेद्ध अनुभूतिको विशिष्ट अभिव्यक्ति हो, जसबाट पाठकले आनन्दमय विशिष्ट भाव ग्रहण गर्दछ ।

कविताको मुटु भाव वा विचार हो । कविको विशिष्ट अनुभूतिसँग मूल भाव वा विचारको सोझो सम्बन्ध हुन्छ ।

भाषाशैली एवं लयका बारेमा माथि नै उल्लेख गरिसकिएको छ । कविताको भाषा रागात्मक र विशिष्ट हुन्छ । छन्दयुक्त र छन्दमुक्त दुई प्रकारका लयमा वार्णिक, मात्रिक, लोकलय र मुक्तलयको प्रयोग गरी वर्णनात्मक, विवरणात्मक, संवादात्मक, आख्यानात्मक, संस्मरणात्मक विभिन्न शैलीहरु अवलम्बन गरी कविता रचना गर्न सकिन्छ । शीर्षकले कवितामा कस्तो विषयवस्तु आएको छ भन्ने सङ्केत गर्दछ भने यस कवितामा यस्तो भाव हुनसक्छ भन्ने सङ्केत गर्दछ । शीर्षक अभिधात्मक, लाक्षणिक वा व्यञ्जनात्मक, विम्बात्मक, प्रतीकात्मक हुनसक्छ । अलङ्कारहरु कवितामा सुनमा सुगन्ध थप्ने सामग्री हुन् । यी सबै कवितामा सर्वत्र आउन सक्दैनन् । प्रतिभाशाली कविले विशिष्ट रुपमा यिनको प्रयोग गर्दछन् ।

## निष्कर्ष

पूर्वपश्चिम दुवैतिर सर्वाधिक लोकप्रिय साहित्यिक विधाका रुपमा रहेको कविताविधालाई स्वरुपगत आधारमा लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तम गरी विभिन्न उपविधागत रुपमा वर्गीकरण गरी अध्ययन लेखन गर्ने गरिएको छ । कविता कविले आफू वरिपरिको परिवेशबाट र आफ्नै अनुभव, अनुभूति एवं विचारको कलात्मक एवं लयात्मक भाषिक अभिव्यक्तिका रुपमा आउँछ । कविताका माध्यमबाट कविले व्यक्ति वा समाजका खराबीहरुको चित्रण गर्दै चारित्रिक सुधार, राष्ट्रको राष्ट्रिय सुधार, राष्ट्रिय गौरवगाथाको अभिव्यक्ति, देशभक्तिको भावना, मानवीय संवेदना, विभेदको अन्त्य, शोषणउत्पीडनको अन्त्य, सामाजिक परिवर्तन एवं रुपान्तरण, आदर्श तथा न्यायपूर्ण समाजको स्थापनाको आग्रहका भावहरु व्यक्त गर्दछ । कवितालाई विशिष्टरुपमा अन्य विधाबाट छुट्याउने तत्त्व लय वा छन्द भए पनि यही मात्र कविताको प्राप्ति हो भन्ने परम्परागत र पाण्डित्यपूर्ण अवस्थाले जे लेखे पनि कविता मान्य अवस्थालाई यहाँ अलि फरक ढङ्गले विशिष्ट शैली र भाषामा अभिव्यक्त विचार वा भाव कविता हो र कविता लेखनमा निश्चित प्रविधिको प्रयोग गरिन्छ । व्यञ्जनात्मक, विम्बात्मक, प्रतीकात्मक, आलङ्कारिक, श्रुतिमधुर भाषाबाट कवितालाई विशिष्ट रुपमा सिर्जना गर्नुपर्दछ भन्ने यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०३५), *पूर्वीय समालोचना सिद्धान्त* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, बाबुराम (२०३५), *पुराना कवि र कविता* (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

कुन्तक (सन् २०१२), *वक्रोक्ति जीवितम्* (व्याख्या.), सिद्धान्त शिरोमणि, विश्वेश्वर (सम्पा.) नगेन्द्र दिल्ली आत्माराम एन्ड सन्स ।

गुप्त, अभिनव (ई. १९७३), *ध्वन्यालोकलोचन टीका ( आनन्दवर्धन),* (दोस्रो संस्क.), वाराणसी : मोतीलाल बनारसीदास ।

तिमिल्सिना, हरिप्रसाद (२०६८), *केही टिप्पणी केही समालोचना,* नेपालगन्ज : भेरी साहित्य समाज ।

त्रिपाठी, वासुदेव (सम्पा.) (२०५३), *नेपाली कविता भाग-४* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बन्धु, चुडामणि (सम्पा.) (२०४३), *साझा कविता* (चौथो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्यसिद्धान्त,* ( दोस्रो संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भरतमुनि (सन् १९८३), *साहित्य भूषण,* केदारनाथ ( सम्पा.), दिल्ली : भारतीय विद्या प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), *पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यता वाद र प्रणाली,* काठमाडौँ : साझा प्रकाशन ।